चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१ / ०४ / २४ गतेका दिन यस चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाज्यु, को अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक वसि तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निमा लामा | अध्यक्ष | |
| २ | लक्ष्मी गुरुङ | उपाध्यक्ष | |
| ३ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष | |
| ४ | मिङग्युर दोर्जे लामा | वडा अध्यक्ष | |
| ५ | राम कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | पेमा ग्यलपो लामा | वडा अध्यक्ष | |
| ७ | कालेन छेवाङ लामा | वडा अध्यक्ष | |
| ८ | सरोज लामा | वडा अध्यक्ष | |
| ९ | टसी दोर्जे लामा | वडा अध्यक्ष | |
| १० | कुन्छोक डोल्मा लामा | कार्यपालिका सदस्य | |
| ११ | रुवेश घले | कार्यपालिका सदस्य | |
| १२ | गणेश बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | छिरिङ भुटी लामा | कार्यपालिका सदस्य | |
| १४ | ढोल्मा लामा | कार्यपालिका सदस्य | |
| १५ | सुनाम साङमो | कार्यपालिका सदस्य | |
| १५ | मनोज लामिछाने | सदस्य-सचिव | |

अन्य उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गिरिजा प्रसाद रिजाल | लेखा प्रमुख | |
| २ | सन्दिप रेग्मी | सुचना प्रविधि शाखा प्रमुख | |

कार्यपालिका बैठक मिति : २०८१।०४।२४ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०४।२३ गते।

मिति २०८१।०४।२४ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।

२. बजेट व्यवस्थापन सम्बन्धमा ।

३. भुक्तानी बाँकी योजना सम्बन्धमा।

४. राजीनाम स्विकृत गर्ने सम्बन्धमा।

५. कर्मचारी भर्ना गर्ने सम्बन्धमा।

६. सिर्दिवास छेकम्पार ङुईला भञ्ज्याङ मोटरबाटो सम्बन्धमा।

७. चेकपोष्ट स्थल सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को प्रथम चौमाशिकको सार्वजनिक सुनुवाई २०८१ असोज १० गते गर्ने गरी आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा भैपरी आउने चालु खर्च शिर्षकबाट देहायका योजना तथा कार्यक्रममा बजेट थप तथा विनियोजन गर्ने निर्णय गरियो।

| सि नं | योजनाको नाम | रकम रू | कै |
|---|---|---|---|
| १ | मनास्लु हिमालको थ्री डी मोडल | ४ लाख | बजेट थप |
| २ | ग्याबीन खरिद | १५ लाख | विनियोजन |
| ३ | अन्य भत्ता | २ लाख | विनियोजन |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा आ व २०८०।८१ को भुक्तानी बाँकी योजनाहरूको पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन गरी प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ४ का वडा सदस्य सोनाम छिरिङको राजीनामा पत्र र वडा नं ४ का वडा अध्यक्षको पत्र बमोजिम वडा सदस्य सोनाम छिरिङको राजीनामा स्विकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत १ जना कार्यालय सहयोगी, १ जना हलुका सवारी चालक, १ जना नायब पशु सेवा प्राविधिक र पदयात्रा शुल्क संकलन कार्यविधि २०८१ बमोजिम १ जना पदयात्रा शुल्क संकलनकर्ता सहायकतस्तर चौथो तहको कर्मचारी तथा स्वास्थ्य चौकी अन्तर्गत रहेका चौथो तहका अहेब

निमा लामा
अध्यक्ष

तथा अनमीको प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति नहुन्जेल सम्मका लागि करार सेवाबाट पदपुर्ति गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा सिर्दिवास-छेकम्पार-ङुईला भञ्ज्याङ मोटरबाटो निर्माणका लागि संघीय सरकारबाट ३ करोड बजेट विनियोजन भएकोमा मोटरबाटो खण्ड कडा चट्टानबाट बनेको र सबै ट्र्याक ब्लाष्टिङ गरि निर्माण गर्नु पर्ने हुँदा उक्त मोटरबाटो को सर्भे तथा निर्माण कार्यको जिम्मेवारी नेपाली सेनालाई दिन विभिन्न संघीय निकायमा लेखी पठाउने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा पदयात्रा शुल्क संकलन सम्बन्धी कार्यविधि २०८१ बमोजिम पदयात्रा शुल्क उठाउने तथा पर्यटक सुचना उपलब्ध गराउन चुमनुब्री गाउँपालिका वडा नं ३ जगतमा घरभाडामा लिई चेकपोष्ट निर्माण गरी पदयात्रा शुल्क उठाउने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष